

# अनलाइन दुर्व्यवहारबारे नागरिक सर्वेक्षण, २०८२

**शेहनाज बानु र तिलक पाठक**

## परिचय

इन्टरनेट प्रविधि प्रयोग गरी अरूलाई नकारात्मक, हानिकारक, गलत, गोप्य वा रुखो महसुस हुने सामग्री पठाउने वा मानसिकरूपमा नराम्रो महसुस हुने सामग्री सार्वजनिक गर्ने कार्यलाई अनलाइन दुर्व्यवहार वा उत्पीडनका रूपमा लिने गरिन्छ। अरू मानिसको मानवीय कमजोरीलाई लक्षित गरी लाञ्छना लगाउने वा व्यक्तिगत सम्बन्धका कुराहरू सार्वजनिक गर्ने वा मनोबल गिर्ने गरी गाली गर्ने वा आरोप लगाउने वा बेइज्जत हुने कार्य गर्ने वा धम्की दिने कार्यहरू साइबर उत्पीडन हो।[१]

वर्ल्डवाइडवेब फाउन्डेसन र वर्ल्ड एसोसिएसन अफ गर्ल्स गाइड एन्ड गर्ल्स स्काउट्सले सन् २०२० मा १८० देशका ८ हजार १ सय ९ जनाबीच गरेको विश्वव्यापी सर्वेक्षणअनुसार ५२ प्रतिशत महिला र युवतीले धम्कीपूर्ण सन्देश, यौन दुर्व्यवहार र सहमतिविपरित तस्बिर आदान-प्रदानलगायतका यौन दुर्व्यवहार भोगेको बताएका थिए। त्यस्तै, सर्वेक्षणमा सहभागीमध्ये ६४ प्रतिशतले अनलाइन दुर्व्यवहार र हिंसा भोग्नेहरूसँग व्यक्तिगतरूपमा चिनजान भएको बताएका थिए।[२]

इनकोग्नी रिसर्च टिमले नेसनल अर्गनाइजेसन फर ओमनसँगको सहकार्यमा सन् २०२५ मा ५ हजार १ सय १० जना अमेरिकी महिलाबीच गरेको सर्वेक्षणअनुसार अमेरिकामा हरेक ४ जना महिलामा १ जनाले अनलाइन दुर्व्यवहार भोगेको, हरेक ८ जनामा १ जना साइबर अपराधबाट प्रताडित भएको बताएका थिए। सर्वेक्षणमा सहभागीमध्ये १० प्रतिशतले साइबर बुलिङ, ९ प्रतिशतले यौन दुर्व्यवहार र ८ प्रतिशतले ट्रोलिङ जस्ता अनलाइन दुर्व्यवहार भोगेको बताएका थिए। यस्तो दुर्व्यवहार भोग्नेमा १८ देखि ३४ वर्ष उमेर समूहका महिला एवं युवती सबै भन्दा बढी थिए।[३]

---

१ आचार्य, उज्ज्वल; श्रेष्ठ, उमेश र पाठक, तिलक (मिति उल्लेख नभएको)। मिथ्या सूचना, अनलाइन उत्पीडन : प्रकार, पहिचान र प्रतिकार। सेन्टर फर मिडिया रिसर्च-नेपाल। https://toolkit.learnwithcmr.org/misinformation/types-of-misinformation

२ World Wide Web Foundation and World Association of Girl Guides and Girls Scouts (2020). *Young People's experience of Online harassment.*

३ National Organization for Women and Incogni Research Team (2025). Online abuse against women in the US. National Organization for Women and Incogni.

सुनिता तिवारी र रेणु श्रेष्ठ (सन् २०२०) ले एक्सन एड नेपालका लागि १५ देखि ३० वर्ष उमेर समूहका १३ जिल्लाका १ सय २८ जना महिला र युवतीबीच गरेका सर्वेक्षणमा ३४.५ प्रतिशत महिला र युवतीले इन्टरनेटमार्फत दुर्व्यवहार र हिंसा भोगेको बताएका थिए जसमा २५ प्रतिशतले परिचित व्यक्तिबाट, ७५ प्रतिशतले अपरिचित व्यक्तिबाट र १८ प्रतिशतले साथीबाट इन्टरनेटमार्फत यस्तो हिंसा भोगेको बताएका थिए। सर्वेक्षणमा ३६.४ प्रतिशतले अश्लील तस्बिर, २९.५ प्रतिशतले आपत्तिजनक टिप्पणी, २७.३ प्रतिशतले मौखिक दुर्व्यवहार, २२.७ प्रतिशतले आपत्तिजनक सन्देश, १५.९ प्रतिशतले आपत्तिजनक नाम, ६.८ प्रतिशतले भावनात्मक दुर्व्यवहार र ११.४ प्रतिशतले अन्य दुर्व्यवहार भोगेको बताएका थिए। अनलाइन दुर्व्यवहार र हिंसाका कारण ६८ प्रतिशतले मानसिक तनाव, ५० प्रतिशतले रिस, ३४ प्रतिशतले चिन्ता र ३२ प्रतिशतले डर लाग्ने गरेको बताएका थिए।[४]

यो अध्ययनले नेपालमा अनलाइन दुर्व्यवहारको अवस्थाका साथै दुर्व्यवहार भोग्नेहरूले के/कस्ता किसिमका दुर्व्यवहार भोगिरहेका छन्, कुन डिजिटल प्लेटफर्ममा बढी दुर्व्यवहार हुने गरेको छ, यस्ता दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुराको ज्ञान कत्तिको छ, यस विषयमा सरकारी निकायमा उजुरी गर्ने प्रक्रिया के/कति थाहा छ, अनलाइन दुर्व्यवहारको प्रतिकारका लागि के/कस्ता कदम चाल्ने गरेका छन्, यसविरुद्ध दिएका उजुरीमा भएको कारबाहीप्रति कत्तिको सन्तुष्ट छन्लगायतका विषयमा सर्वसाधारणको धारणा समेटेको छ।

सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेहरू ४.२ प्रतिशत छन् भने सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसाको अनुभव गरेका व्यक्तिलाई व्यक्तिगतरूपमा चिन्छु भन्ने १८.९ प्रतिशत छन्। आफू र आफ्नो व्यक्तिगत चिनजानका व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गर्ने अनलाइन दुर्व्यवहार एवं हिंसामा मौखिक दुर्व्यवहार रहेको बताउने ३५.८ प्रतिशत छन्। अनलाइन दुर्व्यवहार एवं हिंसाको सामना गर्नेमध्ये ६१.८ प्रतिशतले फेसबुकमा गरेको बताएका छन्। ७४.९ प्रतिशत उत्तरदाताले अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्ने जवाफ दिएका छन् भने अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेको विरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्ने ६०.१ प्रतिशत छन्।

अनलाइन दुर्व्यवहार वा हिंसाको सामना गरेपछि के गरे भन्ने विषयमा ४१.१ प्रतिशतले भन्न चाहन्न र ३१.४ प्रतिशतले केही पनि गरिन भनी जवाफ दिएका छन्। अनलाइन दुर्व्यवहार वा हिंसाविरुद्ध केही पनि नगर्न'को कारणमा ५३.३ प्रतिशत उत्तरदाताले आफूले साथीबाट फेरि केही नभनेकाले केही नगरेको बताएका छन्। आफूले गरेको उजुरीपछि भएको कारबाहीबाट ४०.३ प्रतिशतले मात्रै सन्तुष्ट भएको बताएका छन्। सर्वेक्षण विधि

## सर्वेक्षण विधि

सर्वेक्षणमा ७ वटा प्रदेश र ३ वटा पारिस्थितिक क्षेत्र (हिमाल, पहाड र मधेश) का १८ वर्षमाथिका ३८८३ जना इन्टरनेट प्रयोगकर्ताहरू समावेश छन्। नमुना छनोट गर्दा बहुचरणको संभाव्यता छनोट (प्रोब्याबिलिटी स्याम्पलिङ) विधि प्रयोग गरिएको छ जसअनुसार पहिलो चरणमा प्रदेशअन्तर्गतका नगरपालिका एवं गाउँपालिका छनोट गरियो। दोस्रो चरणमा घर/परिवार र तेस्रो चरणमा उत्तरदाता छनोट गरिएको थियो। घर/परिवार छनोट गर्दा राइट ह्यान्ड रुल र उत्तरदाता छनोटका लागि किस ग्रिड विधि प्रयोग गरिएको थियो। सर्वेक्षण सन् २०२४ को अप्रिल र मे महिनामा गरिएको थियो।

सर्वेक्षणमा कोशीबाट १६.९४ प्रतिशत, मधेशबाट १८.५० प्रतिशत, बागमतीबाट २२.६९ प्रतिशत, गण्डकीबाट ८.१६ प्रतिशत, लुम्बिनीबाट १८.५० प्रतिशत, कर्णालीबाट ५.७४ प्रतिशत र सुदूरपश्चिमबाट ९.४७ प्रतिशत उत्तरदाता सहभागी थिए। त्यस्तै ग्रामीण क्षेत्रका ३१.९१ प्रतिशत, शहरी क्षेत्रका ५१.७९ प्रतिशत र शहरका बासिन्दा १६.३० प्रतिशत सहभागी थिए। उमेरका आधारमा १८ देखि २४ वर्ष उमेर समूहका १९ प्रतिशत, २५ देखि ३४ वर्ष उमेर समूहका २५.७० प्रतिशत, ३५ देखि ४४ वर्ष उमेर समूहका २२.५८ प्रतिशत, ४५ देखि ५९ वर्ष उमेर समूहका २२.७५ प्रतिशत र ६० वर्ष वा त्यस भन्दा माथिका ९.९७ प्रतिशत सहभागी थिए। लैङ्गिक हिसाबले ५१.१२ प्रतिशत महिला र ४७.८८ प्रतिशत पुरुष सहभागी थिए।

४ *Tiwari, S.and Shrestha, R. (2020).* Online Violence: An Alarming Call. *Action Aid, Nepal.*

शैक्षिक योग्यताको हिसाबले निरक्षर समूहका १२.७७ प्रतिशत, साक्षर ७.५७ प्रतिशत, ५ कक्षासम्म उत्तीर्ण १५.७३ प्रतिशत, १० कक्षासम्मका २९.४६ प्रतिशत, एसइइ/एसएलसी उत्तीर्ण १३ प्रतिशत, १० जोड २ उत्तीर्ण १५.९७ प्रतिशत र स्नातक वा त्यस भन्दा माथिका ५.४९ प्रतिशत सहभागी थिए।

सर्वेक्षणमा पहाडी ब्राह्मण १५.४२ प्रतिशत, पहाडी क्षत्री १९.२३ प्रतिशत, पहाडी जनजाति १८.९१ प्रतिशत, पहाडी दलित ९.५२ प्रतिशत, नेवार ६.०२ प्रतिशत, तराई मधेशी १३.५२ प्रतिशत, तराई दलित २.६६ प्रतिशत, मधेशी ब्राह्मण ०.८३ प्रतिशत, तराई जनजाति ११ प्रतिशत, मुस्लिम १.०३ प्रतिशत र अन्य १.८६ प्रतिशत सहभागी थिए। परिवारको सदस्य देशबाहिर गएको बताउनेहरू ३४.९२ प्रतिशत थिए भने देशबाहिर नभएको बताउने ६५.०८ प्रतिशत थिए।


त्यस्तै सर्वेक्षणमा सहभागी भएकामध्ये ९३.०५ प्रतिशतले नियमित मोबाइल प्रयोग गर्ने गरेको बताए भने नियमित मोबाइल प्रयोग नगर्नेको सङ्ख्या ६.९५ प्रतिशत थियो।

सर्वेक्षणमा सहभागीमध्ये २९.६० प्रतिशतले आम्दानी नभएको बताएका थिए। मासिकरूपमा १० हजार भन्दा कम आम्दानी भएको बताउने १४.७३ प्रतिशत, १० देखि २० हजार आम्दानी भएको बताउने १४.८३ प्रतिशत, २० देखि ३० हजार रुपियाँ आम्दानी भएको बताउने ७.८८ प्रतिशत र ३० हजार रुपियाँ भन्दा बढी आम्दानी भएको बताउने ९.७६ प्रतिशत थिए। त्यस्तै, २३.२० प्रतिशतले चाहिँ थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। तथ्याङ्क विश्लेषणका क्रममा 'राउन्डिङ'का कारण शतप्रतिशत नभई कतिपयमा ११.१ वा १००.१ पनि भएको हुनसक्छ।

## १. अनलाइन दुर्व्यवहार एवं हिंसाको अनुभव


सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेहरू ४.२ प्रतिशत छन् तर ९५.६ प्रतिशतले भने अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव नगरेको बताए। ०.१ प्रतिशतले चाहिँ थाहा छैन भन्ने जवाफ दिए।

**के तपाईँले सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नुभएको छ ?**
**(नमुना सङ्ख्या- ३०२१)**





चित्र १ : सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेको अवस्था

प्रदेशका आधारमा सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेहरू सबै भन्दा बढी कर्णाली प्रदेश (७.२ प्रतिशत) का छन् भने सबै भन्दा कम मधेश प्रदेश (३ प्रतिशत) का छन् । कर्णालीपछि यस्तो अनुभव गर्नेहरू गण्डकी (५ प्रतिशत) र लुम्बिनी (५ प्रतिशत)का छन् भने त्यसपछि बागमती (४.२ प्रतिशत), सुदूरपश्चिम (४.२ प्रतिशत) र कोशी (३.१ प्रतिशत)का छन् । यसरी अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेहरू गण्डकी र लुम्बिनीका बराबर छन् भने बागमती र सुदूरपश्चिमका पनि बराबरी देखिन्छ ।





चित्र २ : प्रदेशका आधारमा सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेको अवस्था

ग्रामीण क्षेत्रका ३.७ प्रतिशत, शहरी क्षेत्रका ३.८ प्रतिशत र शहरका ६.३ प्रतिशत उत्तरदाताले अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गरेको बताए। यसरी बसोबास गरेको क्षेत्रका आधारमा विश्लेषण गर्दा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्र र त्यसको तुलनामा शहरका बासिन्दाले अनलाइन दुर्व्यवहार वा हिंसा बढी अनुभव गरेका देखिन्छ।




चित्र ३ : शहरी क्षेत्रका आधारमा सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेको अवस्था

धेरै उमेर भएकाको तुलनामा कम उमेर भएकाहरूले अनलाइन दुर्व्यवहार वा हिंसा बढी अनुभव गर्ने गरेका छन्। १६ देखि २४ वर्ष उमेर समूहका ५.४ प्रतिशतले यस्तो दुर्व्यवहार वा हिंसा भोगेका छन् भने ६० वा त्यस भन्दा माथि उमेर समूहमा यस्तो दुर्व्यवहार भोग्नेको सङ्ख्या १.३ प्रतिशत छ।





चित्र ४ : उमेरका आधारमा सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेको अवस्था

## २. अनलाइन दुर्व्यवहार एवं हिंसाको अवस्था

सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसाको अनुभव गरेका व्यक्तिलाई चिन्छु भन्ने १८.९ प्रतिशत छन् भने ७७ प्रतिशतले चिन्दिन भन्ने जवाफ दिए। त्यस्तै ४.२ प्रतिशतले यस विषयमा थाहा छैन भन्ने जवाफ दिए।

के तपाईँ सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसाको अनुभव गरेको कसैलाई व्यक्तिगतरूपमा चिन्नुहुन्छ ? (नमुना सङ्ख्या- ११०२)





चित्र ५ : अनलाइन दुर्व्यवहार एवं हिंसा अनुभव गर्नेसँगको चिनजानको अवस्था

## ३. कस्तो अनलाइन दुर्व्यवहार बढी ?

आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गर्ने अनलाइन दुर्व्यवहार एवं हिंसामध्ये सबै भन्दा बढी मौखिक दुर्व्यवहार (३५.८ प्रतिशत) छ जसमा अपमान एवं आपत्तिजनक भाषा प्रयोग भएको छ। बहुविकल्प छनोटअन्तर्गत त्यसपछि क्रमशः साइबर बुलिङ (१५.४ प्रतिशत), व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने (१३.७ प्रतिशत), यौन दुर्व्यवहार (१२.३ प्रतिशत), भौतिक हानि गर्ने धम्की (१०.९ प्रतिशत), भावनात्मक दुर्व्यवहार (१०.६ प्रतिशत), स्वीकृतिबिना अश्लील दृश्य सामग्री वितरण (९.६ प्रतिशत), व्यक्तिगत सुरक्षाको खतरा (८.५ प्रतिशत), घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति (८.५ प्रतिशत), आर्थिक ठगी (७.५ प्रतिशत), ट्रोलिङ वा अनलाइन प्र्याङ्क (५.५ प्रतिशत) अन्य (५.१ प्रतिशत), सामाजिक सञ्जाल ह्याक (४.१ प्रतिशत) छन्। त्यसो त ३.४ प्रतिशतले थाहा छैन र २.४ प्रतिशतले चाहिँ भन्न चाहन्न भन्ने जवाफ दिए।

**के तपाईं वा तपाईंले व्यक्तिगतरूपमा चिन्ने व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्महरूमा अनुभव गर्नुभएको अनलाइन दुर्व्यवहार वा हिंसाको प्रकार सेयर गर्न सक्नुहुन्छ ? (बहुविकल्प छनोट- नमुना सङ्ख्या- २९३)**




चित्र ६ : आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गरेको अनलाइन दुर्व्यवहार एवं हिंसाको प्रकार

प्रदेशका आधारमा तुलनात्मक विश्लेषण गर्दा मौखिक दुर्व्यवहार अन्य प्रदेशको तुलनामा गण्डकी (४२.३ प्रतिशत), सुदूरपश्चिम (४२.३ प्रतिशत) र मधेश (४१.७ प्रतिशत) मा धेरै हुने गरेको देखिन्छ। भौतिक हानिको धम्की कोशी प्रदेशमा सबै भन्दा बढी (२६.५ प्रतिशत) देखिन्छ भने व्यक्तिगत सुरक्षा खतराको धम्की सुदूरपश्चिम (१५.४ प्रतिशत), मधेश (१३.९ प्रतिशत) र बागमती (१२.९ प्रतिशत)मा बढी देखिन्छ। व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने प्रवृत्ति पनि सुदूरपश्चिममा (३४.६ प्रतिशत) ज्यादा देखिन्छ। अन्य प्रदेशको तुलनामा साइबर बुलिङ गण्डकीमा धेरै (३०.८ प्रतिशत), यौन दुर्व्यवहारका घटना सुदूरपश्चिममा धेरै (१९.२ प्रतिशत), भावनात्मक दुर्व्यवहार लुम्बिनीमा धेरै (१८ प्रतिशत), ट्रोलिङ वा अनलाइन प्र्याङ्कका घटना कर्णालीमा धेरै (१२ प्रतिशत) हुने गरेको सर्वेक्षणले देखाएको छ। त्यसो त अन्य प्रदेशको तुलनामा कर्णालीमा घृणायुक्त अश्लील दृश्य सामग्री वितरण (३२ प्रतिशत) र स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण (२० प्रतिशत) जस्ता घटना पनि धेरै रहेको उत्तरदाताहरूको जवाफ छ।

**के तपाईं वा तपाईंले व्यक्तिगतरूपमा चिन्ने व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्महरूमा अनुभव गर्नुभएको अनलाइन दुर्व्यवहार वा हिंसाको प्रकार सेयर गर्न सक्नुहुन्छ ? (बहुविकल्प छनोट- नमुना सङ्ख्या- २९३)**

*तथ्याङ्कहरू प्रतिशतमा*

| प्रदेश | मौखिक दुर्व्यवहार | भौतिक हानि गर्ने धम्की | व्यक्तिगत सुरक्षाको खतरा | व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने | साइबर बुलिङ | यौन दुर्व्यवहार | भावनात्मक दुर्व्यवहार | ट्रोलिङ वा अनलाइन प्र्याङ्क | घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति | स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण | अन्य | थाहा छैन | भन्न सक्दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | ३२.४ | २६.५ | ५.९ | ८.८ | १७.६ | ११.८ | १४.७ | २.९ | ५.९ | ८.८ | २०.६ | ० | २.९ |
| मधेश | ४१.७ | २.८ | १३.९ | ५.६ | ५.६ | ११.१ | २.८ | ५.६ | ८.३ | ० | २५ | ५.६ | ० |
| बागमती | ३२.९ | १०.६ | १२.९ | ९.४ | २१.२ | ११.८ | ४.७ | २.४ | ० | ४.७ | २५.९ | २.४ | ० |
| गण्डकी | ४२.३ | ३.८ | ३.८ | १९.२ | ३०.८ | ७.७ | ७.७ | ३.८ | ३.८ | १५.४ | २६.९ | ३.८ | ० |
| लुम्बिनी | ३१.१ | ४.९ | ० | १३.१ | १.६ | ११.५ | १८ | ८.२ | ४.९ | १४.८ | २७.९ | ४.९ | ० |
| कर्णाली | २८ | २० | ० | ८ | १२ | १६ | १६ | १२ | ३२ | २० | १२ | ४ | ० |
| सुदूरपश्चिम | ४२.३ | १५.४ | १५.४ | ३४.६ | १५.४ | १९.२ | १५.४ | ७.७ | २३.१ | ३.८ | १९.२ | ३.८ | ० |

**चित्र ७ : प्रदेशका आधारमा आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गरेको अनलाइन दुर्व्यवहार एवं हिंसाको प्रकार**

ग्रामीण, शहरी क्षेत्र र शहरबीच तुलना गर्दा सर्वेक्षणले मौखिक दुर्व्यवहार, व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने घटना, भावनात्मक दुर्व्यवहार, ट्रोलिङ वा अनलाइन प्र्याङ्क र घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्तिको प्रवृत्ति अन्य क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा धेरै हुने, शहरी क्षेत्रमा भौतिक हानि गर्ने धम्की र साइबर बुलिङ जस्ता घटना धेरै हुने र शहरमा चाहिँ व्यक्तिगत सुरक्षाको खतरा, यौन दुर्व्यवहार, स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरणका घटना धेरै हुने गरेका देखाएको छ।

**के तपाईँ वा तपाईँले व्यक्तिगतरूपमा चिन्ने व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्महरूमा अनुभव गर्नुभएको अनलाइन दुर्व्यवहार वा हिंसाको प्रकार सेयर गर्न सक्नुहुन्छ ? (बहुविकल्प छनोट- नमुना सङ्ख्या- २९३)**

*तथ्याङ्कहरू प्रतिशतमा*

| आवास | मौखिक दुर्व्यवहार | भौतिक हानि गर्ने धम्की | व्यक्तिगत सुरक्षाको खतरा | व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने | साइबर बुलिङ | यौन दुर्व्यवहार | भावनात्मक दुर्व्यवहार | ट्रोलिङ वा अनलाइन प्र्याङ्क | घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति | स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण | अन्य | थाहा छैन | भन्न सक्दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग्रामीण | ३८.५ | ७.७ | ६.२ | १५.४ | १०.८ | १०.८ | १२.३ | ९.२ | १२.३ | ४.६ | २३.१ | ४.६ | १.५ |
| शहरी क्षेत्र | ३३.१ | १२ | ५.६ | ११.३ | १६.२ | १२.७ | ९.२ | ३.५ | ९.९ | ९.२ | २३.२ | २.८ | ० |
| शहर | ३४.९ | ११.६ | १२.८ | १२.८ | १४ | १२.८ | ११.६ | ५.८ | १.२ | ११.६ | २५.६ | ३.५ | ० |

| उमेर | मौखिक दुर्व्यवहार | भौतिक हानि गर्ने धम्की | व्यक्तिगत सुरक्षाको खतरा | व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने | साइबर बुलिङ | यौन दुर्व्यवहार | भावनात्मक दुर्व्यवहार | ट्रोलिङ वा अनलाइन प्र्याङ्क | घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति | स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण | अन्य | थाहा छैन | भन्न सक्दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६-२४ | ३७.६ | १६.१ | १२.९ | ११.८ | २०.४ | ९.७ | ९.७ | ८.६ | ४.३ | ६.५ | २१.५ | ३.२ | ० |
| २५-३४ | २९.३ | ३.७ | ३.७ | ९.८ | १२.२ | १३.४ | ८.५ | ४.९ | ७.३ | ९.८ | २६.८ | ६.१ | ० |
| ३५-४४ | ३०.३ | ९.१ | ६.१ | १६.७ | १०.६ | १३.६ | १०.६ | ४.५ | १३.६ | १३.६ | २७.३ | १.५ | १.५ |
| ४५-५९ | ४०.५ | ११.९ | ९.५ | ९.५ | ९.५ | १४.३ | १४.३ | २.४ | ९.५ | ७.१ | २३.८ | ० | ० |
| ६० वा त्यस भन्दा माथि | ६० | ३० | ० | ३० | २० | १० | २० | ० | ० | ० | ० | १० | ० |

**चित्र ८ : आवास क्षेत्रका र उमेरका आधारमा आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गरेको अनलाइन दुर्व्यवहार एवं हिंसाको प्रकार**

उमेरका आधारमा मौखिक दुर्व्यवहार र भौतिक हानि गर्ने धम्की बढी खेपेको बताउने ६० वा त्यस भन्दा बढी उमेर समूहका छन् भने व्यक्तिगत सुरक्षाको खतरा, साइबर बुलिङ, ट्रोलिङ वा अनलाइन प्र्याङ्कको अनुभव बढी गर्नेमा १६ देखि २४ वर्ष उमेर समूहका बढी छन्। यौन दुर्व्यवहार भोग्नेमा चाहिँ २५ देखि ३४, ३५ देखि ४४ र ४५ देखि ५९ वर्ष उमेर समूहका बढी छन्। व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने, घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति, स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण जस्ता अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेमा चाहिँ सबै भन्दा बढी ३५ देखि ४४ वर्ष उमेर समूहका छन्। भावनात्मक दुर्व्यवहार भोग्नेमा चाहिँ सबै भन्दा बढी ४५ देखि ५९ वर्ष उमेर समूहका छन्।

पुरुषको तुलनामा महिलाले यौन दुर्व्यवहार, भावनात्मक दुर्व्यवहार, ट्रोलिङ वा अनलाइन प्र्याङ्क र स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण जस्ता अनलाइन दुर्व्यवहार एवं हिंसाका घटना धेरै भोग्ने गरेका पनि सर्वेक्षणले देखाएको छ।

**के तपाईँ वा तपाईँले व्यक्तिगतरूपमा चिन्ने व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्महरूमा अनुभव गर्नुभएको अनलाइन दुर्व्यवहार वा हिंसाको प्रकार सेयर गर्न सक्नुहुन्छ ? (बहुविकल्प छनोट- नमुना सङ्ख्या- २९३)**

*तथ्याङ्कहरू प्रतिशतमा*

| | मौखिक दुर्व्यवहार | भौतिक हानि गर्ने धम्की | व्यक्तिगत सुरक्षाको खतरा | व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने | साइबर बुलिङ | यौन दुर्व्यवहार | भावनात्मक दुर्व्यवहार | ट्रोलिङ वा अनलाइन प्र्याङ्क | घृणायुक्त वा विभेदपूर्ण अभिव्यक्ति | स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण | अन्य | थाहा छैन | भन्न सक्दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **लैङ्गिक अवस्था** | | | | | | | | | | | | | |
| महिला | ३२.५ | ८.५ | ४.३ | ७.७ | १३.७ | १४.५ | ११.१ | ७.७ | ७.७ | १०.३ | २४.८ | ४.३ | ० |
| पुरुष | ३६.४ | १२.५ | १०.२ | १५.९ | १४.८ | १०.८ | १०.२ | ४ | ८ | ८ | २३.३ | २.८ | ०.६ |
| **शैक्षिक योग्यता** | | | | | | | | | | | | | |
| निरक्षर | ८० | २० | २० | ० | ० | ० | ० | २० | ० | ० | ० | ० | ० |
| साक्षर | २५ | ० | १२.५ | ० | १२.५ | २५ | २५ | ० | २५ | १२.५ | १२.५ | ० | ० |
| ५ कक्षासम्म | २८.६ | १४.३ | ० | १४.३ | ७.१ | १४.३ | १४.३ | १४.३ | ० | ७.१ | २१.४ | ० | ० |
| १० कक्षा | ३८.४ | ५.५ | ५.५ | ६.८ | १२.३ | ११ | ५.५ | ० | ६.८ | ११ | २३.३ | २.७ | ० |
| एसएलसी/एसइइ उत्तीर्ण | ३६.२ | २०.७ | ५.२ | १३.८ | १५.५ | १०.३ | १३.८ | ३.४ | ६.९ | ३.४ | २७.६ | १.७ | १.७ |
| कक्षा १२ | २९.१ | ८.१ | ९.३ | १०.५ | १९.८ | १४ | ९.३ | ८.१ | ८.१ | १०.५ | २३.३ | ७ | ० |
| स्नातक वा त्यस भन्दा माथि | ३६.७ | १२.२ | १२.२ | २६.५ | १०.२ | १२.२ | १४.३ | ८.२ | १०.२ | १०.२ | २६.५ | २ | ० |


चित्र ९ : लैङ्गिक अवस्था र शैक्षिक योग्यताका आधारमा आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गरेको अनलाइन दुर्व्यवहार एवं हिंसाको प्रकार

मौखिक दुर्व्यवहार, भौतिक हानि गर्ने धम्की र व्यक्तिगत सुरक्षाको खतरा भोगेको बताउनेमा निरक्षर समूहका बढी छन् भने व्यक्तिगत जानकारी गलत उद्देश्यले सार्वजनिक गर्ने, साइबर बुलिङ, स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण जस्ता दुर्व्यवहार र हिंसा भोगेको बताउनेमा चाहिँ शैक्षिक योग्यता बढी रहेकाहरू धेरै छन्।

## ४. फेसबुकमा अनलाइन दुर्व्यवहार सामना गर्ने धेरै

सर्वेक्षणका क्रममा धेरैजसो उत्तरदाताले अनलाइन दुर्व्यवहार एवं हिंसाको सामना फेसबुकमा गरेको बताएका छन् जसको प्रतिशत ६१.८ छ। बहुविकल्प छनोटअन्तर्गत अनलाइन दुर्व्यवहार एवं हिंसाको सामना गरेको बताउनेमध्ये फेसबुक मेसेन्जरमा भन्ने २२.९ प्रतिशत, ह्वाट्स एपमा भन्ने ७.५ प्रतिशत, युट्युबमा भन्ने ४.८ प्रतिशत, इमोमा भन्ने ३.४ प्रतिशत, टिकटकमा भन्ने ३.१ प्रतिशत, सेलुलर कलमा भन्ने २.७ प्रतिशत, नेपाली अनलाइनमा भन्ने २.४ प्रतिशत, इन्स्टाग्राममा भन्ने १ प्रतिशत, ट्विटर अर्थात एक्समा भन्ने ०.७ प्रतिशत र भाइबरमा भन्ने ०.७ प्रतिशत छन्। ४.८ प्रतिशतले अन्य, ३.८ प्रतिशतले थाहा छैन र ०.७ प्रतिशतले चाहिँ भन्न चाहन्न भन्ने जवाफ दिए।

**तपाईं वा तपाईंले चिन्ने व्यक्तिले कुन सामाजिक सञ्जाल वा डिजिटल मिडियामा यस्तो दुर्व्यवहार/हिंसाको सामना गर्नुभयो ? (बहुविकल्प-नमुना सङ्ख्या- २९३)**





**चित्र १० : दुर्व्यवहार वा हिंसा सामना गरिएको प्लेटफर्म**

## ५. तीनचौथाइ भन्छन्- अनलाइन दुर्व्यवहार दण्डनीय अपराध भन्ने थाहा छ


सर्वेक्षणमा सहभागीमध्ये ७४.९ प्रतिशत उत्तरदाताले अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्ने जवाफ दिए भने २५ प्रतिशतले थाहा नभएको बताए। त्यस्तै ०.१ प्रतिशतले चाहिँ भन्न चाहन्न भन्ने जवाफ दिए।

अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने तपाईँलाई थाहा छ ?
(केवल अनलाइन प्रयोगकर्ताका लागि) (नमुना सङ्ख्या- ३८८३)





चित्र ११ : अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेप्रतिको बुझाइ

प्रदेशका आधारमा विश्लेषण गर्दा अनलाइन दुर्व्यवहार दण्डनीय हो भन्ने कुरा थाहा भएको बताउनेमा सबै भन्दा धेरै बागमती प्रदेशका (८६.९ प्रतिशत) छन् भने सबै भन्दा कम मधेश प्रदेशका (४७.४ प्रतिशत) छन्।





चित्र १२ : प्रदेशका आधारमा अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेप्रतिको बुझाइ





चित्र १३ : शहरी क्षेत्रका आधारमा अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेप्रतिको बुझाइ

उमेरका आधारमा बढी उमेर भएका भन्दा कम उमेर भएकाहरू अनलाइन दुर्व्यवहार दण्डनीय हो भन्ने कुरामा बढी जानकार छन्। अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्नेमा सबै भन्दा बढी १६ देखि २४ वर्ष उमेर समूहका (८२.९ प्रतिशत) छन् भने सबै भन्दा कम ६० वा त्यस भन्दा माथि उमेर रहेको समूहका (५३.२ प्रतिशत) छन्। यसमा रोचक पक्ष के छ भने जति उमेर समूह बढ्दै गएको छ, त्यति अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा छ भनी जवाफ दिनेहरूको सङ्ख्या घट्दै गएको देखिन्छ।





चित्र १४ : उमेरका आधारमा सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेको अवस्था

अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा छ भन्नेमा पुरुष (७८.९ प्रतिशत) को तुलनामा महिला (७१.२ प्रतिशत) कम छन्।




चित्र १५ : लैङ्गिक अवस्थाका आधारमा प्राप्त जानकारी वा सूचना जानीजानी वा अन्जानमा फैलाएको गलत वा भ्रामक भएकोबारे ज्ञान

शैक्षिक योग्यताका आधारमा विश्लेषण गर्दा अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्नेमा सबै भन्दा कम निरक्षर समूहका (४०.५ प्रतिशत) छन् भने सबै भन्दा बढी स्नातक वा त्यस भन्दा माथि शैक्षिक योग्यता भएका समूहका (९८.१ प्रतिशत) छन्। यसरी अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरामा निरक्षरको तुलनामा स्नातक वा त्यस भन्दा माथि शैक्षिक योग्यता भएकाहरू दोब्बर भन्दा बढीले जानकार देखिन्छन्। त्यति मात्र होइन, जति शैक्षिक योग्यता बढ्दै जान्छ, त्यति नै अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्नेहरूको सङ्ख्या पनि बढ्दै गएको देखिन्छ। एक हिसावले भन्ने हो भने शैक्षिक योग्यता र अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भन्नेहरूबीच समानान्तर किसिमको सम्बन्ध देखिन्छ।





चित्र १६ : शैक्षिक अवस्थाका आधारमा अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेप्रतिको बुझाइ

## ६. उजुरी गर्न धेरै जानकार

अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्ने ६०.१ प्रतिशत छन् भने ३९.८ प्रतिशतले त्यस्तो प्रक्रिया थाहा नभएको बताए। त्यस्तै ०.१ प्रतिशतले यो विषयमा भन्न चाहन्न भने।

**सामाजिक सञ्जाल अनलाइन वा अफलाइन माध्यमबाट अरू व्यक्तिलाई दुर्व्यवहार गर्ने तथा हिंसा गर्नेविरूद्ध सरकारी निकायमा कसरी उजुरी गर्ने भन्ने तपाईँलाई थाहा छ ? (नमुना सङ्ख्या- २९०८)**





चित्र १७ : अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरूद्ध सरकारी निकायमा उजुरी गर्ने तरिकाप्रतिको बुझाइ


प्रदेशका आधारमा तुलनात्मक हिसावले विश्लेषण गर्दा यस्तो उजुरी गर्ने तरिका थाहा छ भन्नेमा कोशी प्रदेशका सबै भन्दा धेरै (६९ प्रतिशत) छन् भने त्यसपछि क्रमशः मधेश (६२.४ प्रतिशत), बागमती (६१.५ प्रतिशत), लुम्बिनी (५९.२ प्रतिशत), गण्डकी (५७ प्रतिशत), कर्णाली (५१.५ प्रतिशत) र सुदूरपश्चिम (४८.८ प्रतिशत) का छन्।

अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेमा सबै भन्दा बढी जानकार रहेको १६ देखि २४ वर्ष उमेर समूह त्यसको विषयमा उजुरी गर्ने तरिकाको विषयमा भने सबै भन्दा कम जानकार रहेका देखिन्छ। अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्नेमा सबै भन्दा कम १६ देखि २४ वर्ष उमेर समूहका (५४.४ प्रतिशत) छन् भने सबै भन्दा बढी ६० वा त्यस भन्दा माथिको उमेर समूहका (६१.७ प्रतिशत) छन्।

अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्नेमा पुरुष (६४.८ प्रतिशत) को तुलनामा महिला (५५.३ प्रतिशत) कम छन्।





चित्र १८ : प्रदेशका आधारमा दुर्व्यवहार एवं हिंसा गर्नेविरूद्ध सरकारी निकायमा उजुरी गर्ने तरिकाप्रतिको बुझाइ




चित्र १९ : उमेरका आधारमा दुर्व्यवहार एवं हिंसा गर्नेविरूद्ध सरकारी निकायमा उजुरी गर्ने तरिकाप्रतिको बुझाइ


**सामाजिक सञ्जाल अनलाइन वा अफलाइन माध्यमबाट अरू व्यक्तिलाई दुर्व्यवहार गर्ने तथा हिंसा गर्नेविरूद्ध सरकारी निकायमा कसरी उजुरी गर्ने भन्ने तपाईँलाई थाहा छ ? (नमुना सङ्ख्या- २९०८)**




चित्र २० : लैङ्गिक अवस्थाका आधारमा दुर्व्यवहार एवं हिंसा गर्नेविरूद्ध सरकारी निकायमा उजुरी गर्ने तरिकाप्रतिको बुझाइ

शैक्षिक योग्यताका हिसाबले विश्लेषण गर्दा अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्नेमा सबै भन्दा कम निरक्षर समूहका (४४.८ प्रतिशत) छन् भने सबै भन्दा बढी स्नातक वा त्यस भन्दा माथि योग्यता रहेका (७८ प्रतिशत) छन्। कम शैक्षिक योग्यता भएका यो विषयमा कम जानकार र बढी शैक्षिक योग्यता भएका बढी जानकार रहेका सर्वेक्षणले देखाएको छ।

**सामाजिक सञ्जाल अनलाइन वा अफलाइन माध्यमबाट अरू व्यक्तिलाई दुर्व्यवहार गर्ने तथा हिंसा गर्नेविरूद्ध सरकारी निकायमा कसरी उजुरी गर्ने भन्ने तपाईँलाई थाहा छ ? (नमुना सङ्ख्या- २९०८)**





चित्र २१ : शैक्षिक अवस्थाका आधारमा दुर्व्यवहार एवं हिंसा गर्नेविरूद्ध सरकारी निकायमा उजुरी गर्ने तरिकाप्रतिको बुझाइ

## ७. हिंसाको सामनापछि आफ्नो कदम भन्न चाहँदैनन्

अनलाइन दुर्व्यवहार वा हिंसा सामना गरेपछि प्रहरीलाई उजुरी गर्ने १०.४ प्रतिशत, साथीभाइ एवं परिवारबाट सहयोग खोज्ने ७.४ प्रतिशत, साइबर ब्युरोलाई उजुरी गर्ने ३ प्रतिशत र प्लेटफर्मलाई उजुरी गर्ने २.९ प्रतिशत छन्। ०.४ प्रतिशतले चाहिँ सम्बन्धित ठाउँमा उजुरी गरेको, १.१ प्रतिशतले ब्लक गरेको, १.९ प्रतिशतले आफैँ मिलाएको भनी जवाफ दिए भने बहुविकल्प छनोट रहेको यो सवालमा ४१.१ प्रतिशतले भन्न चाहन्न र ३१.४ प्रतिशतले केही पनि गरिन भन्ने जवाफ दिए। यस हिसाबले अनलाइन दुर्व्यवहारको सामना गरेपछि आफूले चालेको कदमका विषयमा धेरैजसो व्यक्ति या बताउन चाहँदैनन् या त केही पनि नगरेको जवाफ दिन्छन्।

अनलाइन दुर्व्यवहार वा हिंसा सामना गरेपछि तपाईं वा तपाईंले चिन्ने व्यक्तिले के गर्नुभयो ?
(बहुविकल्प- नमुना सङ्ख्या- ११०२)

*तथ्याङ्कहरू प्रतिशतमा*





चित्र २२ : अनलाइन दुर्व्यवहार वा हिंसा सामना गरेपछिको प्रतिक्रिया

## ८. हिंसा सामनापछि केही पनि नगर्नुको कारण

अनलाइन दुर्व्यवहार वा हिंसाविरुद्ध केही पनि नगर्नुपछि उत्तरदाताहरूले खास कारण दिएका छन् जसमा ५३.३ प्रतिशतले आफूले साथीबाट फेरि केही नभनेकाले केही नगरेको बताए भने १३.३ प्रतिशतले बेवास्ता गरे भन्ने जवाफ दिए। त्यस्तै ६.७ प्रतिशतले आफूले सुनेको मात्र तर आफूसँग सम्बन्धित नभएको बताए भने ३.८ प्रतिशतले कहाँ उजुरी गर्ने भन्ने विषयमा आफूलाई थाहा नभएको बताए। २.९ प्रतिशतले कुरा गरेर टुङ्ग्याएको, २.६ प्रतिशतले त्यो एकाउन्ट नै नक्कली भएको, अर्को २.६ प्रतिशतले प्लेटफर्ममा उजुरी गरेको बताए। ०.८ प्रतिशतले यो कुरा अघि बढाउन डर लागेको, अर्को ०.८ प्रतिशतले आमा/बावु र साथीले छाडिदिन भनेको र ०.५ प्रतिशतले लामो र झन्झटिलो प्रक्रिया भएकाले केही नगरेको जवाफ दिए। सर्वेक्षणमा सहभागीमध्ये ३.५ प्रतिशतले अन्य कारण भनी बताए भने ६.४ प्रतिशतले थाहा छैन र २.९ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए।

**अनलाइन दुर्व्यवहार वा हिंसाविरुद्ध तपाईँले किन केही पनि गर्नुभएन ?**
**(केही नगर्नेलाई मात्र- नमुना सङ्ख्या- ३४६)**


*तथ्याङ्कहरू प्रतिशतमा*




चित्र २३ : अनलाइन दुर्व्यवहार वा हिंसाविरूद्ध केही पनि नगर्नुको कारण

## ९. उजुरीपछिको कारबाहीबाट सन्तुष्टि

आफूले गरेको उजुरीपछि भएको कारबाहीबाट ४०.३ प्रतिशतले सन्तुष्ट भएको बताए भने २१.९ प्रतिशतले सन्तुष्ट छैन भन्ने जवाफ दिए। त्यस्तै २३.८ प्रतिशतले थाहा छैन र १४ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए।




चित्र २४ : अनलाइन दुर्व्यवहार वा हिंसाविरूद्धको उजुरीमाथिको कारबाहीप्रति सन्तुष्टि

# निष्कर्ष

सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसा अनुभव गर्नेहरू ४.२ प्रतिशत छन् । ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रका र शहरी क्षेत्रको तुलनामा शहरका उत्तरदाताले अनलाइन दुर्व्यवहार वा हिंसा बढी अनुभव गरेको देखिन्छ । धेरै उमेर भएकाको तुलनामा कम उमेर भएकाहरूले अनलाइन दुर्व्यवहार वा हिंसा बढी अनुभव गर्ने गरेका छन् ।

सामाजिक सञ्जाल वा डिजिटल मिडियामा अनलाइन दुर्व्यवहार वा हिंसाको अनुभव गरेका व्यक्तिलाई व्यक्तिगतरूपमा चिन्छु भन्ने १८.९ प्रतिशत छन् । आफू र आफ्नो व्यक्तिगत चिनजानको व्यक्तिले सामाजिक सञ्जाल वा डिजिटल प्लेटफर्ममा अनुभव गर्ने अनलाइन दुर्व्यवहार एवं हिंसामध्ये सबै भन्दा बढी मौखिक दुर्व्यवहार (३५.८ प्रतिशत) छ जसमा अपमान एवं आपत्तिजनक भाषा प्रयोग भएको छ। पुरुषको तुलनामा महिलाले यौन दुर्व्यवहार, भावनात्मक दुर्व्यवहार, ट्रोलिङ वा अनलाइन प्र्याङ्क र स्वीकृतिविना अश्लील दृश्य सामग्री वितरण जस्ता अनलाइन दुर्व्यवहार एवं हिंसाका घटना धेरै भोग्ने गरेको पनि सर्वेक्षणले देखाएको छ।

सर्वेक्षणका क्रममा धेरैजसो उत्तरदाताले अनलाइन दुर्व्यवहार एवं हिंसाको सामना फेसबुकमा गरेको बताएका छन् जसको सङ्ख्या ६१.८ प्रतिशत छ। ७४.९ प्रतिशत उत्तरदाताले अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने कुरा थाहा छ भने। प्रदेशका आधारमा विश्लेषण गर्दा अनलाइन दुर्व्यवहार दण्डनीय हो भन्ने कुरा थाहा भएको बताउनेमा सबै भन्दा धेरै बागमती प्रदेशका (८६.९ प्रतिशत) छन् भने सबै भन्दा कम मधेश प्रदेशका (४७.४ प्रतिशत) छन् । अनलाइन दुर्व्यवहार दण्डनीय हो भन्ने थाहा छ भन्नेमा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रका बढी छन् भने त्यस भन्दा पनि बढी शहरका छन् । बढी उमेर भएका भन्दा कम उमेर भएकाहरू अनलाइन दुर्व्यवहार दण्डनीय हो भन्नेमा बढी जानकार छन् । अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा छ भन्नेमा पुरुष (७८.९ प्रतिशत) को तुलनामा महिला (७१.२ प्रतिशत) कम छन् । यस्तो बताउनेमा निरक्षरको तुलनामा स्नातक वा त्यस भन्दा माथि शैक्षिक योग्यता भएकाहरू दोब्बर भन्दा बढीले जानकार रहेका देखिन्छ। त्यति मात्र होइन, जति शैक्षिक योग्यता बढ्दै जान्छ, त्यति नै अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा छ भन्नेहरूको सङ्ख्या पनि बढ्दै गएको देखिन्छ। शैक्षिक योग्यता र अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा छ भन्नेहरूबीच समानान्तर किसिमको सम्बन्ध देखिन्छ।

अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा छ भन्ने ६०.१ प्रतिशत छन् । अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्नेमा सबै भन्दा बढी जानकार रहेको १६ देखि २४ वर्ष उमेर समूह त्यसको विषयमा उजुरी गर्ने तरिकाको विषयमा भने सबै भन्दा कम जानकार देखिन्छ। पुरुषको तुलनामा महिला कम जानकार छन् । कम शैक्षिक योग्यता भएका यो विषयमा कम जानकार र बढी शैक्षिक योग्यता भएका बढी जानकार रहेका सर्वेक्षणले देखाएको छ ।

अनलाइन दुर्व्यवहार वा हिंसाको सामना गरे पनि त्यसपछिको कदमको विषयमा ४१.१ प्रतिशतले भन्न चाहेनन् भने ३१.४ प्रतिशतले केही पनि गरिन भन्ने जवाफ दिए। यस हिसाबले अनलाइन दुर्व्यवहारको सामना गरेपछि आफूले गरेको कदमका विषयमा धेरैजसो व्यक्ति या बताउन चाहँदैनन् या त केही पनि नगरेको जवाफ दिन्छन् । अनलाइन दुर्व्यवहार वा हिंसाविरुद्ध केही पनि नगर्नुका पछाडि उत्तरदाताहरूले खास कारण दिएका छन् जसमा ५३.३ प्रतिशतले आफूले साथीबाट फेरि केही नभनेकाले केही नगरेको बताए । आफूले गरेको उजुरीपछि भएको कारबाहीबाट ४०.३ प्रतिशतले मात्र सन्तुष्ट भएको बताए ।

तीन चौथाईले अनलाइन दुर्व्यवहार दण्डनीय अपराध हो भन्ने थाहा पाएको र ६०.१ प्रतिशतले अनलाइन वा अफलाइन माध्यमबाट दुर्व्यवहार एवं हिंसा गर्नेविरुद्ध सरकारी निकायमा उजुरी गर्ने तरिका थाहा भएको बताएपनि प्रहरीलाई उजुरी गर्ने (१०.४ प्रतिशत) अत्यन्त न्युन भएकाले पनि समस्या बढ्दै गएको देखिन्छ। प्रहरी वा साइबर ब्युरोलाई उजुरी गर्ने हो भने अनलाइन दुर्व्यवहार गर्नेहरू दण्डित हुने मात्र होइन, यस किसिमको क्रियाकलापमा केही हदसम्म भएपनि कमी आउन सक्छ। त्यस्तै, प्लेटफर्म वा सम्बन्धित स्थानमा गर्ने उजुरीले पनि अनलाइन दुर्व्यवहारका क्रियाकलाप घटाउन सक्छ। त्यति मात्र होइन, यस्तो बेला साथीभाइदेखी घरपरिवारको सहयोग खोजेमा अनलाइन दुर्व्यवहारविरुद्धको प्रतिकार अभियान प्रभावकारी बन्न सक्छ।

## सन्दर्भ सामग्री


National Organization for Women and Incogni Research Team (2025). Online abuse against women in the US. National Organization for Women and Incogni.

Tiwari, S.and Shrestha, R. (2020). Online Violence: An Alarming Call. Action Aid, Nepal.

World Wide Web Foundation and World Association of Girl Guides and Girls Scouts (2020). Young People's experience of Online harassment.


### नेपालीमा


आचार्य, उज्ज्वल; श्रेष्ठ, उमेश र पाठक, तिलक (मिति उल्लेख नभएको) । *मिथ्या सूचना, अनलाइन उत्पीडन : प्रकार, पहिचान र प्रतिकार* । सेन्टर फर मिडिया रिसर्च-नेपाल । https://toolkit.learnwithcmr.org/misinformation/types-of-misinformation



PURAK ASIA

७७ कुँवर मार्ग, काठमाडौं-३१, नेपाल
☎ ९७७-१-४५६४५९९
info@purakasia.org
www.purakasia.org



**प्रकाशन मिति** : २०८२

**आभार**
सर्वेक्षणको तथ्याङ्क संकलनका लागि शेयरकास्ट इनिसियटिभ नेपालका प्रमुख कार्यकारी अधिकृत **मधु आचार्य** र कार्यक्रम निर्देशक **भुमीराज चापागाई** नेतृत्वको टोली ।

अवधारणा निर्माणका लागि **प्रेम दर्शन सापकोटा**, मस्यौदामा सुझाव दिने **सृष्टि अधिकारी** र **उज्ज्वल आचार्य**का साथै डिजाइन गर्ने **बिक्रम चन्द्र मजुमदार** ।


यस प्रतिवेदनमा व्यक्त विचार, ब्याख्या र निष्कर्षले पूरक एशियाको संस्थागत धारणालाई प्रतिनिधीत्व नगर्न पनि सक्छ ।